आज मिति २०७९/०३/०९ गते बिहिबारका दिन मिथिला नगरपालिकाका नगर प्रमुख श्री महेन्द्र महतोज्यूको अध्यक्षतामा उप- प्रमुख, वडा अध्यक्ष तथा कार्यपालिका सदस्यज्यूहरुको निम्न अनुसारको उपस्थितिमा कार्यपालिकाको बैठक बसी नेपालको संविधान, २०७२ को धारा २१४ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को क्षेत्राधिकार भित्र रहि तपसिल बमोजिमका निर्णयहरु गरियो ।

## उपस्थितिः

| क्र.सं. | पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री महेन्द्र महतो | नगर प्रमुख | |
| २ | श्री सुनिता सिंह बुढाथोकी | नगर उप-प्रमुख | |
| ३ | श्री जोगी महतो | वडा अध्यक्ष, वडा नं. १ | |
| ४ | श्री बिहारी महतो कोईरी | वडा अध्यक्ष, वडा नं. २ | |
| ५ | श्री राम एकवाल महतो | वडा अध्यक्ष, वडा नं. ३ | |
| ६ | श्री चन्द्र बहादुर बुलन तामाङ्ग | वडा अध्यक्ष, वडा नं. ४ | |
| ७ | श्री रामचन्द्र महतो | वडा अध्यक्ष, वडा नं. ५ | |
| ८ | श्री नन्द किशोर यादव | वडा अध्यक्ष, वडा नं. ६ | |
| ९ | श्री राम बहादुर स्याङ्गदान | वडा अध्यक्ष, वडा नं. ७ | |
| १० | श्री बिरेन्द्र महतो | वडा अध्यक्ष, वडा नं. ८ | |
| ११ | श्री दीपक जंग थापा | वडा अध्यक्ष, वडा नं. ९ | |
| १२ | श्री सबिन बिक्रम थापा | वडा अध्यक्ष, वडा नं. १० | |
| १३ | श्री बेद बहादुर कार्की | वडा अध्यक्ष, वडा नं. ११ | |
| १४ | श्री अन्जु श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १५ | श्री इन्द्र कला कुमारी | कार्यपालिका सदस्य | |
| १६ | श्री कोशिला देवी महरा | कार्यपालिका सदस्य | |
| १७ | श्री नगिना खातुन | कार्यपालिका सदस्य | |
| १८ | श्री महेन्द्र राउत | कार्यपालिका सदस्य | |
| १९ | श्री मिना पजियार | कार्यपालिका सदस्य | |
| २० | श्री विशेश्वर साह हलुवाई | कार्यपालिका सदस्य | |
| २१ | श्री सर्मिला सुनवार | कार्यपालिका सदस्य | |
| २२ | श्री रचिन्द्र डंगोल | प्रमुख प्रशासकीय अधिकृत | |
| २३ | श्री दिपेश कुमार काफ्ले | सहायक कर्मचारी | |

# मिथिला नगरपालिका, नगर कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरुः

## मिति २०७९/०३/०९

**बैठकका प्रस्तावहरुः**

प्रस्ताव नं. १) न्यायीक समिति गठन सम्बन्धमा ।
प्रस्ताव नं.२) विषयगत समितिलाई पूर्णता दिने सम्बन्धमा ।
प्रस्ताव नं. ३) मिनि कम्बाइन्ड हार्भेष्टर खरिद सम्बन्धमा ।
प्रस्ताव नं. ४) अमानतबाट निकासी कर सम्बन्धमा ।
प्रस्ताव नं. ५) नीति तथा कार्यक्रम पेश गर्ने सम्बन्धमा ।
प्रस्ताव नं. ६) सामाजिक सुरक्षा भत्ता वितरणमा सहजिकरण सम्बन्धमा ।
प्रस्ताव नं. ७) कम्प्युटर शिक्षकको करार नविकरण सम्बन्धमा ।

**बैठकका निर्णयहरुः**

निर्णय नं. १) प्रस्ताव नं. १) उपर छलफल गर्दा, नेपालको संविधानको धारा २१७ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४६ मा व्यवस्था भए बमोजिम मिथिला नगरपालिकाको न्यायीक समितिका सदस्यहरुको रुपमा मिथिला नगरपालिकाको नगर सभा सदस्यहरु मध्ये बाट देहायका दुई जनालाई प्रस्ताव गरि स्वीकृतीका लागि नगर सभामा पेश गर्ने निर्णय पारित गरियो ।

१. जय नारायण यादव
२. लक्ष्मी थिङ्ग

निर्णय नं. २) प्रस्ताव नं. २) उपर छलफल गर्दा, नगर कार्यपालिकाको मिति २०७९/०२/२७ गते बसेको बैठकको निर्णयबाट गठन गरिएको विभिन्न विषयगत समितिहरुमा देहाय अनुसारका नगर सभा सदस्यहरुको नाम प्रस्ताव गरि स्वीकृतीका लागि नगर सभामा पेश गर्ने निर्णय पारित गरियो ।

**आर्थिक विकास समितिः** सदस्य - श्री शिव कुमार खड्का
सदस्य - श्री महेन्द्र राउत
सदस्य - श्री कल्पना गजमेर

प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| **सामाजिक विकास समितिः** | सदस्य | - श्री राम प्रकाश महतो |
| | सदस्य | - श्री पर्शुराम चौधरी |
| | सदस्य | - श्री निर कुमारी विश्वकर्मा |
| **पूर्वाधार विकास समितिः** | सदस्य | - श्री जयराम महतो |
| | सदस्य | - श्री सावित्री देवी कुशवाहा |
| | सदस्य | - श्री गंगा बहादुर बानिया |
| **वातावरण तथा विपद् व्यवस्थापन समितिः** | सदस्य | - श्री जानकी लामा |
| | सदस्य | - श्री तेज बहादुर पूर्वछाने |
| | सदस्य | - श्री विन्दु भित्रीकोटी |
| **सुशासन तथा संस्थागत विकास समितिः** | सदस्य | - श्री कोशिला देवी महरा |
| | सदस्य | - श्री बबिता देवी दास |
| | सदस्य | - श्री विजय कुमार महतो |

निर्णय नं. ३) प्रस्ताव नं. ३) उपर छलफल गर्दा, नेपाल सरकारबाट सशर्त अनुदान प्राप्त कार्यक्रम अनुसार धान उत्पादन प्रवर्धन कार्यक्रम तर्फ मिनि कम्बाइन्ड हारभेस्टर खरिद कार्य श्री साना किसान कृषी सहकारी संस्था लि., नकटाझिज, धनुषा संगको लागत साझेदारीमा गरि उपरोक्त संस्थालाई नै हस्तान्तरण गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. ४) प्रस्ताव नं. ४) उपर छलफल गर्दा, ढुंगा, गिट्टी, वालुवा, ग्राभेल लगायतका नदि जन्य पदार्थहरुको निकाशि कर अमानत मार्फत संकलन गर्न कार्यविधि निर्माण गरि सो कार्यविधि बमोजिम हुने गरि संकलन गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. ५) प्रस्ताव नं. ५) उपर छलफल गर्दा, आगामि आ.व.को नीति तथा कार्यक्रमको मस्यौदा विभिन्न बिषयगत समितिका संयोजकहरु मार्फत तयार भई स्विकृतीका लागि पेश भएकोमा उक्त नीति तथा कार्यक्रमको मस्यौदा स्वीकृत गरि अनुमोदनको लागि नगरसभामा पेश गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. ६) प्रस्ताव नं. ६) उपर छलफल गर्दा, यस न.पा.कार्यालयबाट सम्पादित हुने सरकारी आर्थिक कारोबार तथा सामाजिक सुरक्षा कार्यक्रमका लाभग्राहीहरुलाई सहज र प्रभावकारी सेवा प्रदान गर्ने सम्बन्धमा यस न.पा. क्षेत्र भित्र संचालनमा रहेका बैंकहरुलाई प्रस्ताव आव्हान गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. ७) प्रस्ताव नं. ७) उपर छलफल गर्दा, यस न.पा.को आन्तरिक श्रोतबाट तलब भुक्तान हुने गरि न.पा.का विभिन्न सामुदायिक विद्यालयहरुमा कार्यरत कम्प्युटर शिक्षकहरुको सेवा करार कम्प्युटर सम्बन्धि सिप परिक्षण गरि सो को आधारमा नविकरण गरिने निर्णय पारित गरियो ।